भुम्लु गाउँकार्यपालिकाको बैठक संख्याः ०९
आ व : २०७९/८०
मितिः २०७९ माघ १० गते मंगलबार
समयः १२:३० दिवा
स्थानः भुम्लु गाँउपालिकाको सभाहल

आज मिति २०७९ माघ १० गते मंगलबारका दिन यस भुम्लु गाउँपालिकाका अध्यक्ष श्री प्रेम बहादुर भुजेल ज्यूको अध्यक्षतामा यस भुम्लु गाउँकार्यपालिकाको वैठक बसि तपशिल बमोजिमको निर्णय गरियो।

उपस्थितिः

१. श्री प्रेम बहादुर भुजेल - अध्यक्ष
२. श्री जितेन्द्रमान तामाङ्ग उपाध्यक्ष
३. श्री लेख बहादुर श्रेष्ठ सदस्य
४. श्री सुजन भण्डारी सदस्य
५. श्री ज्ञान वहादुर तामाङ्ग सदस्य
६. श्री लोक बहादुर कुँवर सदस्य
७. श्री अञ्चल कुमार लामा सदस्य
८. श्री भरत बहादुर शिवभक्ति सदस्य
९. श्री रमेश राज खरेल सदस्य
१०. श्री मोतिलाल तामाङ्ग सदस्य
११. श्री दल बहादुर तामाङ्ग सदस्य
१२. श्री केसरमान लामा सदस्य
१३. श्री कल्पना पहरी सदस्य
१४. श्री कुमारी विश्वकर्मा सदस्य
१५. श्री चमेली परियार सदस्य
१६. श्री शान्ती ठकुरी सदस्य
१७. श्री सुलभ पहरी सदस्य
१८. श्री विष्णु बहादुर पहरी सदस्य
१९. श्री देवेन्द्र सुवेदी सचिव

अन्य उपस्थितिः

२०. श्री रुपक अधिकारी - प्रशासन तथा योजना शाखा प्रमुख
२१. श्री साकार अधिकारी -पूर्वाधार विकास तथा वातावरण व्यवस्थापन शाखा प्रमुख
२२. श्री विक्रम वस्नेत- आर्थिक प्रशासन शाखा प्रमुख

**प्रस्ताव न.१ः भुमि बैंक स्थापना गर्ने सम्बन्धमा।**

यस प्रस्ताव माथि छलफल गर्दा भुम्लु गाउँपालिकाका बाँजो जग्गाहरुलाइ व्यवस्थित रुपमा प्रयोग गर्न तथा जमिनको उत्पादन र उत्पादकत्व अभिवृद्धी गर्न एक भुमि बैंक स्थापना गर्न आवश्यक कार्यविधि निर्माण गर्ने निर्णय गरियो।

**प्रस्ताव नं २: श्रम सहकारी गठन तथा परिचालन सम्बन्धमा।**

भुम्लु गाउँपालिकाभर रहेका श्रमिकहरुको सामुहिक हित प्रवर्धन तथा कामको खोजि गर्न सार्वजनिक खरिद नियमावलि २०७४ (बाहौ संशोधन समेत)को मर्मलाइ मध्यनजर गर्दै श्रमिकहरुको सामुहिक श्रम सहकारी गठन तथा परिचालन गर्न आवश्यक सहजीकरण गाउँपालिकाले गर्न निर्णय गरियो।

**प्रस्ताव नं ०३: मिनिरल वाटरको ल्याव टेष्ट प्राप्त भएको सम्बन्धमा।**

यस प्रस्ताव माथि छलफल गर्दा भुम्लु गाउँपालिकाको नीति तथा कार्यक्रम साथै विनियोजन ऐन २०७९ ले व्यवस्था गरेको मिनिरल वाटर उत्पादन सम्बन्धि उद्योग निजि साझेदारी कार्यक्रमकालागि भुम्लु गाउँपालिकाका विभिन्न पानि मुहानहरुको पानीको गुणस्तर जाँच भएकोमा उक्त कार्यको भुक्तानी दिने निर्णय गरियो।

**प्रस्ताव नं ०४: LISA र FRA को नतिजा सार्वजनिक गर्ने सम्बन्धमा।**

यस प्रस्ताव माथि छलफल गर्दा भुम्लु गाउँपालिकाको आ व ०७८/७९ मा गरेको कार्यसम्पादको स्वमुल्यांकनमा स्थानीय तह संस्थागत क्षमता स्वमुल्यांकन(LISA) मा ५१ अंक तथा स्थानीय तह वित्तीय जोखिम मूल्यांकन(FRA) मा अंक प्राप्त गरेको हुनाले उक्त मूल्यांकनलाइ अनुमोदन गर्ने निर्णय गरियो।

**प्रस्ताव नं ०५: आँखा शिविर संचालन गर्ने सम्बन्धमा।**

यस भुम्लु गाउँपालिकाभित्र रहेका आखाँका विरामीहरुको उपचारार्थ भुम्लु आधारभुत अस्पतालमा आँखा शिविर सञ्चालन गर्ने गरी श्री लायन्स क्लव अफ काठमाडौ कंचनजंघा सँग यस गाउँपालिकाले रु दुइ लाख पचास हजारको आँखा शिविर संचालन सम्झौता गर्ने तथा उक्त शिविरको खानपिन लगायतका प्राविधिक खर्च र प्रचार प्रसार यस गाउँपालिकाले गर्ने साथै सो वापतको खर्च व्यहोर्ने निर्णय गरियो।

**प्रस्ताव नं ०६: हेभि इक्विभमेन्ट संचालनार्थ दररेट निर्धारण गर्ने सम्बन्धमा।**

यस प्रस्ताव माथि छलफल गर्दा स्थानीय राजस्व परामर्श समितिको निर्णय बाट उठी आएको तपशिल उल्लेखित हेभि इक्विभमेन्टहरुको प्रति इकाइ कार्य दरमा तपशिल उल्लेखित दरले सेवा शुल्क असुल गर्ने निर्णय गरियो।

| सिं नं | हेभि इक्विभमेन्ट | प्रति इकाइ कार्य दर | इन्धन बाहेक | कैफियत |
|---|---|---|---|---|
| १. | स्काभेटर | ५५०० प्रति घण्टा | २००० प्रति घण्टा | वजारमुल्य अनुसार स्थानीय राजस्व परामर्श समितिले १० प्रतिसत सम्म तलमाथि मुल्य तोक्न सक्ने |
| २ | जे सि भि | २५०० प्रति घण्टा | १००० प्रति घण्टा | वजारमुल्य अनुसार स्थानीय राजस्व परामर्श समितिले १० प्रतिसत सम्म तलमाथि मुल्य तोक्न सक्ने |
| ३ | ट्रिपर | १२००० प्रति ट्रिप काठमाडौ सम्मको ट्रिपमा | उपलब्ध नहुने | वजारमुल्य अनुसार स्थानीय राजस्व परामर्श समितिले १० प्रतिसत सम्म तलमाथि मुल्य तोक्न सक्ने |

**प्रस्ताव नं ०७: सवारी साधन संचालन तथा मर्मत सम्बन्धमा।**

यस प्रस्ताव माथी छलफल गर्दा भुम्लु गाउँपालिकाका हलुका सवारी साधनहरु मर्मत प्रयोजनार्थ यस पालिका भित्र रहेका मर्मत केन्द्रहरु मध्धे बाट प्रस्ताव आह्वान गरि उपर्युक्त मर्मत केन्द्र छनौट गरी सोहि मर्मत केन्द्र मार्फत मात्र हलुका सवारी साधन(मोटरसाइकल) मर्मत कार्य गराउने निर्णय गरियो। साथै मोटरसाइकल मर्मत प्रयोजनार्थ एक पटकको मर्मत भुक्तानि अधिकतम ५०००।०० अक्षरेपी पाँच हजार भन्दा बढि यस गाउँपालिकाले भुक्तानी नगर्ने निर्णय गरियो। साथै सो रकम भन्दा माथि मर्मत खर्च आउने भए सवारी साधन प्रयोगकर्ता बाट नै मर्मत रकम व्यहोराउने निर्णय गरियो।

**प्रस्ताव नं ०८: हिउँदे सभा सम्बन्धमा।**

यस प्रस्ताव माथि छलफल गर्दा भुम्लु गाउँपालिकाको १३ औ गाउँ सभा यहि मिति २०७९ माघ २९ गते आइतबार बाट बोलाउने निर्णय गरियो।

**प्रस्ताव नं ०९: उद्योग ग्रामका लागि जग्गा यकिन गर्ने सम्बन्धमा।**

यस प्रस्ताव माथि छलफल गर्दा घरेलु तथा साना उद्योग कार्यालय काभ्रेबाट लेखि आएको उद्योग ग्राम स्थापनाको लागि सम्भाव्यता अध्धयनार्थ यस भुम्लु गाउँपालिका वडा नं ०१ चैनपुर राम्चे टोल अन्तर्गत रहेको गोदाम चौरको अन्दाजी ५० रोपनी सार्वजनिक जग्गामा सो ग्रामका लागि उपर्युक्त जग्गा रहेको र सोहि जग्गा छनौट गरि पठाउने निर्णय गरियो।

**प्रस्ताव नं १०: ठेक्का तोड्ने सम्बन्धमा।**

यस भुम्लु गाउँपालिकाको विभिन्न मितिको वोलपत्रहरुका सन्दर्भमा ठेक्का प्राप्त गरि कार्यस्थल र ठेक्का ओगटि बसेका ठेकेदारहरु र कम्पनिलाइ यस कार्यालयले पटक पटक मौखिक तथा लिखित आग्रह गर्दा समेत सम्पर्कमा नआउने तथा पुर्व जानकारी वेगर कार्यस्थल छोड्ने कार्य गरेका र कार्य प्रगति समेत सन्तोषजनक नभएका तपशिल बमोजिमका ठेक्काहरुको ठेक्का तोड्ने प्रयोजनार्थ आवश्यक कारबाहि अगाडि बढाउने निर्णय गरियो।

| सि नं | बोलपत्र नं | आयोजनाको विवरण | सम्झौता भएको निर्माण व्यवसायी | सम्झौता मिति | कार्य सम्पन्न गर्न पर्ने मिति |
|---|---|---|---|---|---|
| १ | BRM/NCB/WB/08/078/79 | वडा कार्यालय भवन निर्माण | शुभलक्ष्मी ड्रागन निर्माण सेवा प्रा. लि., नुवाकोट | २०७८।०८।२८ | २०७९।०९।०४ |
| २ | BRM/NCB/WB/04/078/79 | पचास किलो रामपुर चण्डेनी सडक निर्माण | शुभलक्ष्मी ड्रागन निर्माण सेवा प्रा. लि., नुवाकोट | २०७८।०८।२८ | २०७९।०३।१५ |

प्रस्ताव नं ११: आर्थिक सहायता सम्बन्धमा।

यस प्रस्ताव माथि छलफल गर्दा विभिन्न समयमा यस गाउँपालिका समक्ष आर्थिक सहायता माग गर्दै प्राप्त निवेदन उपर तपशिल बमोजिमको आर्थिक सहायता प्रदान गर्ने निर्णय गरियो।

| क्र सं | नामथर | ठेगाना | आर्थिक सहायता गर्न पर्ने अवस्था | सहायता रकम | कैफियत |
|---|---|---|---|---|---|
| १ | शिवराज गिरी | भुम्लु ०१ सापिङ | लडेर दुवै हाल भाँचिएको अवस्था | रु 15,000.00 | |
| २ | लक्ष्मी नेपाली | भुम्लु ०६ कोंलाति | जस्तापाता ढुवानी | रु 4,000.00 | |
| ३ | फूलमाया तामाङ्ग | भुम्लु ०३ बेकसिम्ले | आर्थिक अवस्था विपन्न र विर अस्पतालमा उपचाररत | रु 5,000.00 | |
| ४ | मकर बहादुर श्रेष्ठ | भुम्लु ०१ सापिङ | आर्थिक अवस्था विपन्न र अस्पतालमा उपचाररत | रु 5,000.00 | |
| ५ | राज कुमार | भुम्लु ०१ | रेविज रोज लागि दुधालु भैसि मरेको | रु 30,000.00 | |



२०७९।१०।१०

| | | | | | |
|---|---|---|---|---|---|
| | गिरी | सापिङ | | | |
| ६ | भक्त बहादुर माझी | भुम्लु ०७ फलाँटे | निजको श्रीमति र छोराको दुर्घटनामा हात भाँचिएको | रु 15,000.00 | |
| ७ | कृष्ण माया थापा | भुम्लु ०३ बेकसिम्ले | आर्थिक अवस्था विपन्न र उपचाररत रहेको | रु 5,000.00 | |
| ८ | सुवास रिजाल | भुम्लु ०१ सापिङ | गाडि दुर्घटनामा परि त्रिवि शिक्षण अस्पतालमा उपचाररत | रु 30,000.00 | |
| ९ | विन्दा उप्रेती | भुम्लु ०६ कौंलाति | दुर्घटनामा परेको | रु 5,000.00 | |
| १० | सुवास पन्त | भुम्लु ०१ सापिङ | सडक दुर्घटनामा परी अशक्त भएको | रु 30,000.00 | |
| ११ | नम्रता परियारका लागि सरिता परियार दमाइ | भुम्लु ०९ ज्याम्दी | आर्थिक अवस्था विपन्न रहेको तथा लामो समयदेखि विरामी भइ उपचाररत | रु 30,000.00 | |
| १२ | नर बहादुर थापा | भुम्लु ०४ चौबास | कृषिकार्यमा २०७९ श्रावण ०९ र १० को आधिवेरी र वर्षातले पुर्याएको क्षतिका लागि क्षतिपुर्ति | रु 10,000.00 | |
| १३ | हिरा बहादुर तामाङ्ग | भुम्लु ०७ फलाँटे | आर्थिक रुपले विपन्न तथा उपचाररत | रु 30,000.00 | |
| १४ | सञ्चमान पहरी | भुम्लु १० दोलालघाट | आर्थिक रुपले विपन्न तथा उपचाररत | रु 25,000.00 | |
| १५ | निल बहादुर श्रेष्ठ | भुम्लु ०१ सापिङ | आर्थिक रुपले विपन्न तथा उपचाररत | रु 30,000.00 | |
| १६ | तोक बहादुर श्रेष्ठ | भुम्लु ०१ सापिङ | आर्थिक रुपले विपन्न तथा उपचाररत | रु 30,000.00 | |
| १७ | हरि बहादुर शिवभक्ति | भुम्लु ०७ फलाँटे | मुटु रोगी | रु 30,000.00 | |
| 18 | राज कुमार लामा | भुम्लु १० दोलालघाट | खुट्टा काटिएको ४ औंला छिनेको | रु 30,000.00 | |
| | | | | | |
| | | | | | |

प्रस्ताव नं १२: विविध

कार्यपालिकामा प्रस्तुत भएका विभिन्न विषयहरुका सम्बन्धमा तपशिल बमोजिमको निर्णय गरियो।

क. भुम्लु गाउँपालिका समक्ष घ वर्गको निर्माण व्यवसायि इजाजत पाँउ भनि निवेदन दिने एन आर वि कन्ट्रक्सन एण्ड सप्लायर्स प्रा लि लाइ घ वर्गको लाइसेन्स प्रदान गर्ने निर्णय गरियो।

ख. इलाका प्रहरी कार्यालय कात्तिकेदेउराली बाट सवारी साधन(ना १ झ १४०७) मर्मत गरी मर्मत खर्च भुक्तानीका लागी माग भइ आएकोमा मर्मतकेन्द्रका नाममा रु एक लाख मात्र रकम भुक्तानी दिने निर्णय गरियो। साथै इलाका प्रहरी कार्यालय सल्ले बाट प्रदेश ०३-०२-००१ व १४६१ को मोटरसाइकल मर्मतको खर्च भुक्तानी भएकोमा रु २०,०००।०० खर्च भुक्तानी दिने निर्णय गरियो।

ग. भुम्लु गाउँपालिकाको दोलालघाट सल्ले सडक खण्डको छेउमा वृक्षारोपण कार्य गर्दा विरुवा ढुवानी वापत भएको खर्च ढुवानी कर्ता किरण भुजेल लाइ रु ३५०००।०० भुक्तानी दिने निर्णय गरियो।

घ. श्री सेतिदेवि आधारभुत विद्यालय भुम्लु ०२ सिम्थलीको माग निवेदनका आधारमा उक्त विद्यालयमा हालसम्म इन्टरनेट जडान नभएको हुनाले उक्त विद्यालयमा इन्टरनेट जडान गरिदिने र सो बापतको रकम गाउँपालिकाले व्यहोर्ने निर्णय गरियो।

ङ. जिल्ला प्रशासन कार्यालय काभ्रेपलाञ्चोकले यस भुम्लु गाउँपालिका मातहत रहेका वडा कार्यालयहरुका नागरिकता अनुसुचीहरु वाइण्डिङ्ग गरि व्यवस्थित गरिराखेको तथा उक्त कार्यवापतको रकम सम्बन्धित गाउँपालिकाले व्यहोर्ने भनि कार्यालय प्रमुखहरुको बैठकबाट समेत निर्णय भइ भुक्तानीकालागि जिप्रका बाट लेखि आएकोमा सो कार्य वापतको लागि रु एक लाख रकम भुक्तानी दिने निर्णय गरियो।

च. जारी सोनाम ल्होसार महोत्सव संचालानार्थ विभिन्न स्थान र समितिहरुबाट आर्थिक सहायता माग भइ आएकोमा रु तीन लाखको सीमामा रहि अध्यक्ष द्वारा आपसी सम्झौता गरि विभिन्न स्थानमा ल्होसार मनाउने कार्यलाइ प्रवर्द्धन गर्ने निर्णय गरियो।

छ. यस भुम्लु गापा वडा नं ०७ मा रहेको आधारभुत अस्पताल भुम्लु आहालडाँडा देखि आँगेडाँडा कृषि सडक स्थानीय उपभोक्ताहरु मिलि मर्मत गरेको तथा उक्त क्रममा खपत भएको इन्धनको रकम सहायता माग भइ आएकोमा स्थानीय उपभोक्ताहरुको संयुक्त निवेदनका आधारमा स्थानीय श्री लाल बहादुर तामाङ्ग लाइ इन्धन र इन्धन ढुवानी वापतको रकम रु ४५ हजार भुक्तानी दिने निर्णय गरियो।

२०८३।१०।१०